## कार्यपालिकाको चौधौं बैठकको निर्णयहरु (२०७९/१०/१७)

**निर्णय नं.१ :-** बिश्व बैंकको लगानीमा नेपाल शहरी शासकिय पूर्वाधार आयोजना (NUGIP) अन्तर्गत पोखरा महानगपालिका र शहरी बिकास तथा भवन निर्माण बिभाग बिच सम्झौता पश्चात संचालनमा आएको तालचोक-बेगनास सडक आयोजना अन्तर्गत Selction of Design and supervision Consultant को खरिद प्रक्रियाको प्राबिधिक मूल्यांकनमा त्रुटि देखिएकाले उक्त प्रक्रिया रद्ध गरी नयाँ परामर्शदाता खरिद प्रक्रिया अगाडि बढाउन आयोजना समन्वय कार्यालय PCO मार्फत बिश्व बैंकलाई स्वीकृतीका लागि समन्वय गरिदिन पत्राचार गर्ने ।

**निर्णय नं.२ :** -बिश्व बैंकको लगानीमा नेपाल शहरी सासकिय पुर्वाधार आयोजना (NUGIP) अन्तर्गत पोखरा महानगपालिका र शहरी बिकास तथा भवन निर्माण बिभाग बिच सम्झौता पश्चात संचालनमा आएको यस आयोजना अन्तर्गत Selction of Design and supervision Consultant को नया खरिद प्रक्रिया अगाडि बढाउने र DSC छनौट नभए सम्मका लागि यस आयोजना अन्तर्गत संभौता भएको तालचोक-बेगनास सडक खण्डको निर्माण कार्य अगाडि बढाउन आबश्यक प्राबिधिक परामर्श सेवा उपलब्ध गराउन आयोजना समन्वय कार्यालय PCO लाई अनुरोध गर्ने ।

**निर्णय नं.३ :-** चालु आ.व. मा वडा नं. १४ मा ल्याण्डफिल प्रभावित बापतको एकमुष्ठ रु. ५ करोड बजेट, वडा कार्यालयको सिफारिस अनुसार मिति २०७९/८/२५ को निर्णयबाट बाँकी रहन गएको रु. १५ लाख देहायको योजना तथा कार्यक्रममा बाँडफाँड स्वीकृत गर्ने र कार्यान्वयनको लागि वडामा जिम्मेवारी प्रदान गर्ने ।

| | | | |
|---|---|---|---|
| १ | विजय बस्ती तटबन्ध तार जाली | ७०००००/- | हटाउने<br>१.मसिना समाजघरमा साउण्ड सिस्टम वितरण<br>२. राधाकृष्ण युवा क्लवको व्यायाम सामाग्री<br>३. काजी पोखरी ब्यायामे व्यायाम सामाग्री<br>४. परिवेश युवा क्लवको व्यायाम सामाग्री<br>५. कम्पोष्ट विन खरिद तथा वितरण<br>६. डस्टविन खरिद तथा वितरण |
| २ | सुन्दर टोल बस्ती संरक्षण तारजाली ग्याविन | ७०००००/- | |
| ३ | जलेश्वर आमा समूह पर्खाल निर्माण | १०००००/- | |
| | | | |

**निर्णय नं.४ :-** प्रजातन्त्र पुनर्स्थापनाको लागि भएको दोस्रो जन अन्दोलनको समयमा पोखरामा भएको प्रजातन्त्र पुनर्स्थापना माग राखी भएको आन्दोलनमा गोली लागेर शाहदत प्राप्त गर्नु भएका वडा नं. ५ निवासी जन आन्दोलनको प्रथम शहिद भिमसेन दाहालको छोरा श्री विस्तृत दाहाललाई मणिपाल शिक्षण अस्पताल, पोखरामा चिकित्साशास्त्र MBBS अध्ययन गर्ने शैक्षिक शुल्कमा साझेदारीको लागि अनुरोध गर्ने लगायतको पाँचौं बैठकको निर्णय बमोजिम मणिपाल शिक्षण अस्पताललाई अनुरोध गरेकोमा उक्त संस्थाबाट लागत साझेदारी तथा छुट, मिनाहा गर्न नसकिने भनि च. नं. ३१/१।२०२३। मशिअ मिति २०७९/१०/१७ को पत्रबाट लेखि आएकाले निजको अध्ययनको लागि नेपाल चिकित्सा आयोगबाट पूर्व निर्धारित शिक्षण शुल्क जम्मा रु. ४५,९५,७२०/- ( पैंचालिस लाख पन्चानब्बे हजार सातसय बीस) लाई मणिपाल शिक्षण अस्पतालको वार्षिक शिक्षण शुल्क तालिका बमोजिम पाँच वर्ष भित्र रकम भुक्तानी गर्ने व्यवस्था मिलाउने र वार्षिक कार्यक्रममा समाबेस गर्ने ।

**निर्णय नं.५ :-** पोखरा भलाई प्रा.लि. को भाडा छुट सम्बन्धि २०७९/१०/१७ मा पेश गरेको निबेदन सम्बन्धमा यस महानगरपालिका र पोखरा भलाई प्रा.लि बिच भएको २०७६/०९/०७ देखि २०७८/०९/०६ सम्म दुई वर्षका लागि मासिक १ लाख बुझाउने गरि सम्झौता भएकोमा २०७९/०९/२८ सम्म १९ लाख मात्र दाखिला भएको हुँदा सम्झौता मिति पश्चात हाल सम्मको बाँकी भाडा रकम १५ दिन भित्र दाखिला नगरेमा उक्त स्थान खाली गर्न लगाई प्रचलित कानून बमोजिम जरीवाना सहित असुल उपर तर्फ कारवाही शुरु गर्ने ।

**निर्णय नं.६ :-** पोखरेली संस्कृतिको धरोहर प्रत्येक ६ वर्षमा प्रदर्शन हुने बाह्र भैरव धार्मीक नृत्य पोखरेली दर्शकलाई सामुहिक रुपमा दृष्याबलोकन गराउन तथा सो धार्मीक नृत्यको संरक्षण र संवर्धन गर्न महानगरपालिको अनुरोधमा मिति २०७९/०९/३० मा प्रदर्शनी केन्द्रमा प्रदर्शन गराए बापत दक्षिणा फूल प्रसाद स्वरुप **भैरव सांँस्कृतिक संरक्षण समिति**लाई रु. १,००,०००/- ( एकलाख) बिबिध शीर्षकबाट अनुदान उपलव्ध गराउने ।

**निर्णय नं.७ :-** महानगरपालिकाको महेन्द्रपुल स्थित सर्टरको भाडा असुल गर्ने क्रममा व्यवसाय गर्नेलाई कार्यपालिकाको निर्णय बमोजिम जरिवाना छुट भएकोमा सर्टर नं ५ ख मा व्यवसायी सुशन तामाङ्गले जरिवाना बढी दाखिला भएको रकम रु. १७१०४/- विविध शीर्षकबाट फिर्ता भुक्तानी दिने ।

**निर्णय नं.८ :-** महानगरपालिकाका देहायका वडाहरुको देहायको स्थानमा **झोलुङ्गे** पुल आवश्यक भएकाले स्थानीय पूर्वाधार विभागको च. नं. २३० मिति २०७९/१०/१६ को पत्रानुसार तिनै तहको सरकारको समन्वय तथा सहकार्यमा बजेट व्यवस्थापन र निर्माण कार्य अघि बढाउन शहरी विकास विभाग, स्थानीय पूर्वाधार विभाग, श्रीमहल ललितपुरमा सिफारिस गर्ने ।

| क्र.सं. | झोलुगे पुल राख्ने स्थान | पुलको अनुमानित लम्बाई | कैफियत |
|---|---|---|---|
| १ | पिप्ले बराह मन्दिर वडा नं. ३१ | ८०१ मिटर | |
| २ | मगरडाँडा रातामाटा वडा नं. ३१ | ४९५ मिटर | |
| ३ | सेती नदी र कालीखोला दोभान वडा नं. २० | ८० मिटर | |
| ४ | ठुली मझुवा वडा नं. १५ | १२० मिटर | |
| ५ | माउण्टेन म्युजिङ्ग वडा नं. १५ | ३०० मिटर | |
| ६ | अन्तर्राष्ट्रिय पवतीय संग्रहालय दखि वन क्याम्पस वडा नं. १७ र १५ | ३०० मिटर | |
| ७ | काउछेघारी दखि मनकामना मन्दिर वडा नं. १७ र १५ | ४०० मिटर | |
| ८ | यज्ञशाला देखि तितेपानी जोड्ने वडा नं. १७ र १५ | १०० मिटर | |
| ९ | गुप्तेश्वर महादेव देखि डेभिजफल वडा नं. १७ | १०० मिटर | |
| १० | शालमुल सेरा बेशी झोलुंगे पुल वडा नं. ३२ | ५०० मिटर | |
| ११ | बडहरे पुल तालखोला वडा नं. ३२ | १२० मिटर | |
| १२ | वडा नं. ९ र १० जोड्ने शान्ती घाटमा पर्यटकीय झो.पु. | ५०० मिटर | |

**निर्णय नं. ९ :–** पोखरा महानगरपालिका वडा नं. १८ मा नेपाल सरकारको नाउँमा साविक पदेली गा.पा.वडा नं.१ हाल पो.म.न.पा. वडा नं. १८ मा रहेको कि. नं. ०१ क्षेत्रफल २२-२-१-० मध्ये क्षेत्रफल ७-०-०-० को जग्गा, साविक पदेली गा.वि.स. वडा नं.४ हाल पो.म.न.पा.वडा नं. १८ कि. नं. ३८८ क्षे.फ. १-२-०-१, कि. नं. ३९८ क्षे.फ. २-१४-१-३, कि. नं. २६६ क्षे.फ. १०-०-०-० र कि. नं. ५५८ क्षे.फ. ३७-१२-३-३ मध्ये शिव मन्दिर देखि पश्चिम, उत्तर र दक्षिण तर्फको १५-०-०-० गरी जम्मा ३६-०-२-० जग्गा १८ नं. वडा कार्यालयको च. नं. १८८८ मिति २०७९।०८।०७ को पत्रबाट उक्त जग्गा विपद व्यवस्थापन प्रयोजनको लागि नछुट्याईएको भनि सिफारिस भई आएकाले सार्वजानिक आवागमनमा असर नपर्ने तथा सराङ्गकोट टावर क्षेत्रको जग्गा कटाई सराङ्गकोट धार्मीक एवं पर्यटन क्षेत्र विकास समितिलाई ४० वर्षको लागि लिजाधिकार उपलब्ध गराउन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत भूमी व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयमा सिफारिस गर्ने ।

**निर्णय नं. १० :-** चालु आ.व.मा युवा उद्यमशील कोषमा विनियोजित रकम रु. ५ करोडलाई व्यवसाय प्रबधर्न केन्द्र निर्देशक समितिको निर्णय तथा सिफारिस अनुसार अनुसूची-१ बमोजिम बाँडफाँड स्वीकृत गर्ने ।

**निर्णय नं. ११ :-** वडा नं १ को कार्यालय भवन निर्माण गर्न वडा कार्यालयको च. नं. ७८१ मिति २०७९/०९/२४ को पत्रबाट लेखि आए अनुसार सर्वदलिय सहमती समेत भएकाले हाल वडा कार्यालय रहेको (साविकमा बालज्योती आधारभूत विधालय रहेको) कि. नं. ७२ क्षेत्रफल २-०-१-० बर्गमिटर को जग्गामा नयाँ कार्यालय भवन बनाउन आवश्यक प्रक्रिया अघि बढाउने ।

**निर्णय नं.१२ :-** तेह्रौं कार्यपालिका बैठकबाट विगतमा भएको ठेक्का सम्झौता रद्द भएका देहायका योजनाहरु चालु आ.व. मा बजेट नियोजन भएको यकिन गरि नयाँ ठेक्का प्रक्रिया अघि बढाउने ।

(क) सरांगकोट कास्कीकोट नौडाडा रिसिलिंग -२४

(ख) फुटपाथ तथा नाला निर्माण कार्य ग्रैह्वापाटन पालिखे चोक देखि वडा कार्यालय सम्म पोखरा-४

**निर्णय नं.१३ :-** यस महानगरपालिकाको मिति २०७९/०३/२४ को निर्णय अनुसार वडा नं. २० को कार्यालय निर्माण गर्न १ रोपनी जग्गा निशुल्क उपलब्ध गराउने श्री टेकबहादुर घर्तीको महानगरपालिकालाई उपलब्ध गराउने जग्गा बैंकमा रोक्का भएकोले र रोक्का फुकुवा तथा रजिष्ट्रेसन प्रयोजन समेतको लागि प्रशासनिक खर्च वापत जग्गा धनिलाई रु. १ (एक) लाख कण्टिजेन्सी रकमबाट भुक्तानी उपलव्ध गराउने ।

## अनुसूची- १

| चालु खर्च तर्फ | | | | | | |
|---|---|---|---|---|---|---|
| क.स | कार्यक्रमको नाम | अनुमानीत बजेट | कार्यान्वय नहुने स्थान | स्रोत आन्तारिक स्रोत नगद | खर्च शीर्षक २२५२२ | जम्मा |
| १ | मानव संसाधन<br>क) कर्मचारी तलब भत्ता<br>१. CEO २. छैटौ तहको कर्मचारी-१<br>३ ना.सु-३, ४ का .स-१<br>ख) पोशाक भत्ता, ग)अन्य | २५ लाख | BPC | | | २५ लाख |
| २ | कार्यलय व्यवस्थापन | १२ लाख | BPC | | | १२ लाख |
| ३ | अनुगमन | ५ लाख | BPC | | | ५ लाख |
| ४ | बैठक खर्च | ५ लाख | BPC | | | ५ लाख |
| | कुल जम्मा | | | | | ४७ लाख |

| बजेट उपशीर्षक ८०४३९२०१३४३, पुजीगत खर्चतर्फ | | | | | | |
|---|---|---|---|---|---|---|
| क.स | कार्यक्रमको नाम | अनुमानीत बजेट | कार्यान्वयन हुने स्थान | स्रोत आन्तारिक स्रोत नगद | खर्चको शीर्षक २२५२२ | जम्मा |
| १ | व्यवसाय प्रवर्द्धन कोष | २ करोड ५० लाख | | | | २ करोड ५० लाख |
| २ | Idea Mart /Pokhara Idea Studio | १५ लाख | BPC | | | १५ लाख |
| ३ | अर्न्तकिया ,छलफल ,गोष्ठी | २० लाख | BPC | | | २० लाख |
| ४ | तलिम (मागको आधारमा तालिम दिइने) | ४८ लाख | BPC<br>अन्य साझेदार संस्था | | | ४८ लाख |
| ५ | व्यवसाय प्रवर्द्धनात्मक साझेदारी कार्यक्रम | २५ लाख | | | | २५ लाख |
| ६ | रोजगार एप्स | ७ लाख ५०हजार | BPC | | | ७ लाख ५०हजार |
| ७ | स्वदेश तथाविदेश सिकाई भ्रमण | २५लाख | | | | २५ लाख |
| ८ | नयाँव्यवसाय सम्भाव्यता रिसर्च | १२ लाख ५०हजार | | | | १२ लाख ५०हजार |
| ९ | व्यवसायिक जानकारी मुलक अडियो ,भिडियो | ५ लाख | | | | ५ लाख |
| १० | BOOT CAMP (उद्यमशीलता प्रस्फुटन शिविर) | ५ लाख | | | | ५ लाख |
| ११ | सार्वजनिक निजी सम्वाद | १० लाख | | | | १० लाख |
| १२ | वित्तिय साक्षरवता कार्यक्रम | ५ लाख | | | | ५ लाख |
| १३ | प्रविधि विकास राष्ट्रिय आविस्कार केन्द्र संगसहकार्य | १५ लाख | BPC | | | १५ लाख |
| १४ | विश्व विद्यालय/क्याम्पसका स्नातक तह उत्तीर्ण विद्यार्थीहरुलाई उद्यमशील्ता र नेतृत्व विकास तालिम | ५ लाख | | | | ५ लाख |
| १५ | रोष्टरहरु(उद्यमी, विषय विज्ञ, लगानीकर्ता,) | ५ लाख | | | | ५ लाख |
| | कुल जम्मा | | | | | ४ करोड ५३ लाख |